# नगरसभाको बैठकमा मेलौली नगरपालिकाका उप-प्रमुख

# श्री कुमारी राधा ओझाद्वारा
# प्रस्तुत आगामी आर्थिक वर्ष २०७८/७९ को
# मेलौली नगरपालिकाको वार्षिक
# नीति, कार्यक्रम तथा प्रस्तावित संक्षिप्त बजेट
# २०७८

**मितिः २०७८ आषाढ १० गते बिहिवार**


**स्थानः मे.न.पा. सभाहल,**

**मेलौली–१, बैतडी ।**

यस मेलौली नगरपालिकाको
गरीमामय आठौँ नगर सभाका सभाध्यक्ष ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
उपस्थित सम्पूर्ण वडाका वडा–अध्यक्ष ज्यूहरु,
कार्यपालिकाका सदस्य ज्यूहरु,
सभाका सम्पूर्ण सभासद ज्यूहरु,
विषयगत शाखाका शाखा प्रमुख ज्यूहरु,
पत्रकार ज्यूहरु,
सुरक्षाकर्मी ज्यूहरु,
प्रत्येक वडाका वडा सचिव ज्यूहरु,
लगायत सम्पूर्ण कर्मचारी मित्रहरु एवम्
महिला तथा सज्जनबृन्द !

संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल, सुदूरपश्चिम प्रदेश स्थित बैतडी जिल्लाको मेलौली नगरपालिकाको गरिमामय यस आठौँ नगर सभामा यस नगरपालिकाको नगर-उपप्रमुखको हैसियतले आ.व.२०७८/०७९ को वार्षिक बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा साह्रै नै गौरवान्वित महशुस गरेको छु । यस महत्वपूर्ण घडीमा मुलुकमा भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष लगायत जनाधिकार प्राप्ति एवम् संघीय लोकतान्त्रीक गणतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन वलिदानी गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात सहीदहरुप्रति उच्च सम्मान सहित हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । साथै अधिकार प्राप्तिका विभिन्न अन्दोलनका क्रममा हाल सम्म वेपत्ता, घाइते र अपाङ्ग योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।
नेपालको सविधान, स्थानीय सरकार संचालन ऐन २०७४, यस मेलौली नगरपालिकाले निर्माण गरेका ऐन तथा कार्यविधि र संघीय सरकार तथा प्रदेश सरकार अन्तर्गतका मन्त्रालय, विभागहरुले पटक पटक गरेका आदेश एवम् परिपत्र तथा नेपाल सरकारले जारी गरेका सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्दै यो नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित भएको महशुस गरेको छु ।

**सभाध्यक्ष महोदय,**
यस गरीमामय सभामा प्रस्तुत नीति, कार्यक्रम तथा बजेटले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्यहरुबाट प्राप्त मार्गदर्शन र दिगो विकास लक्ष्य, क्षेत्रगत तथा राष्ट्रिय नीतिहरु एवम योजना तर्जुमाका क्रममा विभिन्न तहबाट प्राप्त हुन आएका सुझावहरु, विगत तथा चालु आ.व. का नीति तथा कार्यक्रम कार्यान्वयनबाट प्राप्त उपलब्धिहरु समेतका आधारमा आगामी आ.व. २०७८/०७९ का लागि यो वार्षिक बजेट, नीति तथा कार्यक्रम तयार पारेको छु । यस वार्षिक बजेट, नीति तथा कार्यक्रमको कार्यान्वयनबाट यस नगरपालिकाका लक्षित उद्देश्यहरु हासिल हुने विश्वास लिएको छु ।
**सभाध्यक्ष महोदय,**
स्थानीय सरकारप्रति जनताको बढ्दो आकांक्षा, उपलब्ध श्रोत साधनको सिमितता तथा विश्वब्यापी रुपमा फैलिएको कोरोना **(COVID-19)** महामारीका कारण ज्यान गुमाउने ब्यक्तिहरुप्रति हार्दिक श्रद्धाञ्जली तथा सोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्न चाहन्छु र कोरोना संक्रमण भएका ब्यक्तिहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।
विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसले सिर्जना गरेको वर्तमान असहज परिस्थितिले रोजगारी गुमाउन पुगेका दाजुभाई तथा दिदीबहिनीहरु चाडै नियमित रोजगारीमा फर्किने र स्थानीयस्तरमै रोजगारी सिर्जना हुने किसिमका ब्यवसाय सञ्चालन गर्ने अभिप्रेरित गरिने कार्यक्रम यस नीति तथा बजेटले निर्दिष्ट गरेको छ। जनआकांक्षा र स्थानीय आवश्यकता बिच तालमेल मिलाउन अधिकतम जनसहभागीता कायम गर्दै प्राप्त हुने लाभ र लागतका आधारमा पिछडिएका जातजाती, दलित, उत्पिडित, महिला, बालबालिका, अपाङ्ग आदिवासी जनजाती तथा विपन्न वर्ग आदिको उत्थानका लागि उहाँहरुको सक्रिय र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै विकासको प्रतिफलमा सामानुपातिक पहुँच हुनेगरी सरकारी, निजी तथा गैर सरकारी क्षेत्रको समन्वयमा चालु आ.व. २०७८/०७९ को वार्षिक बजेट, नीति तथा कार्यक्रम तयार गरिएको छ।




**१) स्थानीय तहको संक्षिप्त परिचयः**

नेपाल सरकारको मिति २०७३ फागुन २२ गतेको निर्णय अनुसार प्रारम्भमा साविकका मेलौली, महारुद्र, बिशालपुर, दुर्गास्थान (१,२,३,८ र ९ वडाहरु), सलेना, शिवनाथ (६,७, ८ र ९ वडाहरु), रोडिदेवल (४,५,६ र ७ वडाहरु), गा.वि.स.हरु समाबेस गरी मेलौली नगरपालिका घोषणा भएको थियो । यस नगरपालिकाको कूल क्षेत्रफल करिब ११९.४३ वर्ग किलोमिटर रहेको छ । नेपालको संविधान, २०७२ लागू भए संगै स्थानीय तहहरु निर्माण गर्ने क्रममा नेपाल सरकारको मिति २०७३ फागुन २७ गतेको राजपत्रमा प्रकाशित सूचना अनुसार मेलौली नगरपालिकाको क्षेत्र विस्तार गरिएको छ । नेपालको संविधान २०७२ अनुसार सुदूरपश्चिम प्रदेश अन्तर्गत पर्ने यो नगर बैतडी जिल्लाका ४ वटा नगरपालिकाहरु मध्ये चौथो नगरपालिका हो । बैतडी जिल्लाको दक्षिण-पश्चिम भागमा पर्ने यो नगरपालिकाको केन्द्र मेलौली बजार जिल्ला सदरमुकाम बैतडीबाट करिव ३५ किलोमिटर को दुरीमा पर्दछ। नयाँ संरचना अनुसार यस नगरपालिकामा ९ वटा वडाहरु रहेका छन् । वि.सं. २०६८ को जनगणना अनुसार यस नगरपालिकामा ३,९३४ घरपरिवार वसोवास गर्दछन् । नगरपालिकाको कुल जनसंख्या २२,५४५ हेको छ । जसमा पुरुषको संख्या १२,१११ र महिलाको जनसंख्या १०,४३४ रहेको छ ।

**नगरपालिकाका सम्भावनाहरु**

१) ग्वाल्लेक धाम, मेलौली भगवतीको मन्दीर, महारुद्र धाम जस्ता कयौं मठमन्दीर र धार्मिक पिठहरुले पर्यटनको सम्भावना रहेको छ ।
२) ग्वाल्लेक, द्वारसैनी जस्ता उच्च र रमणीय स्थलहरुको विकास गरी पर्यटन प्रवर्द्धन गर्न सकिनेछ।
३) कृषि, पशुपालन जस्ता क्षेत्रमा विशिष्टिकृत तथा पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावना छ ।
४) नदीजन्य पदार्थ उत्खनन् र विकास निर्माणमा प्रयोग हुने सामाग्रीहरु उत्पादन गर्न उद्योगहरु संचालन गर्न सकिने अवस्था छ।
५) केन्द्रिय विद्युत प्रसारण लाईन ग्रिड र सूर्नया गाडबाट उत्पादित विधुत विस्तार गरी उज्यालो नगर बनाउन सकिने छ ।
६) जैविक विविधताले भरिपूर्ण यो नगरपालिका विभिन्न किसिमका फलफूल खेतीहरु अदुवा, अलैची, किवी, सुन्तला, आरु, ओखर, स्याउ, आलुबखडा, एवम् अंगुर जस्ता मौसमी तथा बेमौसमी फलफुलको उत्पादनका प्रचुर सम्भावना रहेको छ।
७) खानीजन्य पदार्थहरु उत्खनन् गरी नगरपालिकाको आम्दानीको स्रोत बढाउने सम्भावना रहेको छ।
८) मौरी पालन तथा स्थानीय जंगली प्रजातीका अमला लगायतका सयौ जडीबुटीहरुको संरक्षण एवम् ब्यवस्थापन गरी विक्रि वितरण गरी आम्दानी गर्न सकिने अवस्था रहेको ।

**कमजोर पक्ष ः**

१) आर्थिक विकासका सम्भावना बोकेका पूर्वाधारहरु सडक, पुल पुलेसा अझै निर्माणाधिन रहेका छन ।
२) ब्यवसायीक फलफूल तथा आधुनिक कृषि ब्यवसाय संचालनका लागि सिचाइ प्रणालीको अभाव ।
३) मझौला तथा ठूला कलकारखाना ब्यवसाय उद्योग नहुदा बेरोजगारी समस्या ।
४) वन तथा वातावरणको संरक्षण नहुँदा बाढी, पहिरो तथा दैविप्रकोपको समस्या।
५) बन्यजन्तु बाट जीउधन तथा भौतिक सम्पतिको क्षति निरन्तर भईरहेको ।
६) ठुला उद्योगधन्दा सञ्चालन नहुनु, बजार ब्यवस्थापन गर्न नसक्नु र सुलभ रुपमा कृषि सामाग्री उपलब्ध हुन नसक्नु ।
७) आम्दानीको स्रोत कृषि मात्र हुनु तथा वैदेशिक रोजगार र रेमिट्यान्समा भरपर्ने अवस्थाको सिर्जना हुनु ।
८) अस्पताल ब्यबस्थापन हुन नसक्दा विशेषज्ञ स्वास्थ्य सेवाको अभाव रहेको ।
९) गुणस्तरीय शिक्षा तथा उच्च शिक्षाको अभाव ।

**अवसरहरुः**

शिक्षा, स्वास्थ्य, सुरक्षा, स्वच्छ पिउने पानी, कृर्षि पशुपालन, ब्यापार ब्यवसाय, फलफूल खेतीको प्रभावकारी ढंगले ब्यवस्थापन गर्न सके गरिबी निवारण तथा जनताको जीवनस्तरमा सुधार हुने देखिन्छ । यस वाहेक यहाँका अवसरहरु यसप्रकार रहेको देखिन्छ ।

१) कृषि पकेट क्षेत्रको विकास गर्न सकिने,
२) औद्योगिक ग्रामलाई संचालनमा ल्याई औद्योगिक केन्द्रको विकास गर्न सकिने,
३) प्याराग्लाइडिङ् सञ्चालन गरी पर्यटकहरुलाई आकर्षण गर्न सकिने,

४) कृषिमा आधुनिकीकरण गरी उत्पादनमा बृद्धि गर्दै कृषिजन्य उद्योगहरु स्थापना गर्न सकिने,
५) स्थानीय उत्पादनलाई गुणस्तरीय बनाई प्रचार–प्रसार गरी अन्य बजार क्षेत्रमा समेत पठाउन सकिने,
६) कृषिजन्य, दुग्धजन्य र मासुजन्य ब्यवसायहरु संचालन गरी निकाशी गर्न सकिने,
७ धार्मिक पर्यटकहरुको आर्कषण गर्न सकिने,
८) सूनर्या नदीसम्म सडक विस्तार गरी निर्माण सामग्री वालुवा, गिटी जस्ता सामग्री निकाशी गरी पूर्वाधार निर्माणका साथै आर्थिक लाभ लिन सकिने ।

**चुनौतिहरु**

१) पर्याप्त स्रोत साधन, विषयविज्ञताका कारण संस्थागत, प्राविधिक र स्थानीय स्रोत हुँदा पनि नगरपालिकाको राजश्व बृद्धि तथा एकीकृत सम्पत्ति कर लागु गर्न नसकिएको ।
२) ऐन, कानूनी, कार्यविधि प्रयाप्त मात्रामा निर्माण हुन नसकेकोले कार्य सम्पादनमा प्रक्रियागत अप्ठ्यारो सिर्जना भएको ।
३) घरेलु हिँसा, मदिरा सेवन, वालविवाह, छुवाछुत, छाउपडी प्रथालाई विद्यमान कुसंस्कृतिका कारण समतामूलक समाजको निर्माण हुन नसकेको।
४) वातावरण सम्बन्धी गुरु योजना नबन्नु तथा कार्यान्वयन नहुनुले बाढी, पहिरो, भूक्षय जस्ता विपद् विद्यमान रहेका छन
५) स्रोत साधन, पानीका मुहान, नदीनालाहरु हुँदाहुदै पनि बजेट अभावका कारण सिचाइ प्रणालीमा पूर्वाधार विकास गर्न नसकिएकोले कृषि प्रणालीलाई रुपान्तरण गरी ब्यवसायिक कृषि तर्फ उन्मुख हुन नसकेको ।

**२. वर्तमान निर्वाचित नगर कार्यपालिका (आ.व २०७४/०७५ देखि हालसम्म) को समिक्षा**

स्थानीय तहको निर्वाचन २०७४ सम्पन्न भए पश्चात् निर्वाचित पदाधिकारी नगर कार्यपालिका तथा नगर सभाबाट पटक पटक पारित बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनको पक्ष मध्यम रहेको छ। हालसम्म भएको उपलब्धीहरु यस प्रकार छन्ः
१) सबै वडाहरु कार्यालयहरु सडक सञ्जालले जोडिएका छन्, बस्तीहरुमा सडक सञ्जाल जोडिने प्रक्रियामा छन् ।
२) खेलकुद विकासका लागि मेलौलीमा नगरस्तरीय नगर स्टेडियमको निर्माणको क्रममा रहेको छ ।
३) नगरपालिका र नगर वाहिर आवत जावत सहज तथा यातायात सुविधाक लागि मेलौली वसपार्क निर्माण अन्तिम चरणमा पुगेको छ ।
४) मेलौली नगरपालिकाको आर्थिक विकासका लागि ब्यवसायिक भवन निर्माणको क्रममा छ ।
५) जनतालाई सहज रुपमा सेवा प्रवाह गर्न वडा कार्यालय र मे.न.पा. को प्रशासनीय भवन निर्माणाधिन छ ।
५) भवन निर्माण, सडक, पुल, सिचाइ, घेर पर्खालि, गोरेटो बाटो, खानेपानी, मूल संरक्षण जस्ता ११०० भन्दा बढी साना, मझौला तथा ठूला आयोजनाहरु सम्पन्न भएका छन।
६) नगरस्तरीय तथा वडास्तरीय वडा नं. १, ४, र ८ स्वास्थ्य संस्था निर्माणाधिन छन् ।
७) वडाका सबै वस्तीहरुमा खानेपानीको पहँच पुग्ने अवस्थामा रहेको छ ।

जनप्रतिनिधिहरुको विकासप्रतिको उच्च चासो र चिन्तन, सामुहिक निर्णय क्षमता तथा अग्रसरताले विकास योजनाहरुको समयमै सम्पन्न भएका छन र हुने क्रममा छन्। एकताबद्ध निर्णय प्रक्रियाले कार्य वातावरणलाई सरल बनाएको पाइयो। विगतको सिकाइलाई मध्यनजर गर्दै आगामी दिनहरुमा विगतका कमिकमजोरीहरुलाई सुधार गर्दै अधिबद्दा अपेक्षित उपलब्धी हासिल गर्न सकिने कुरामा विश्वस्त छौं।
चालु आ.व. २०७७/०७८ मा आन्तरिक श्रोत तर्फ विनियोजित भएका योजना श्रोत ब्यवस्थापन हुन नसक्दा भुक्तानी दिन बाकी रहेको अवस्था छ। जसको भुक्तानी आ.व. २०७८/०७९ मा पहिलो चौमासिक भित्र भुक्तानी गरिनेछ।

**मेलौली नगरपालिकाको आ.व. २०७८/०७९ को वार्षिक बजेट, नीति तथा कार्यक्रमहरु**

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्षको वार्षिक बजेट, नीति तथा कार्यक्रमलाई प्रस्तुत गर्न गईरहेको छु ।
**"समृद्ध मेलौली नगरपालिका निर्माणको आधार, कृषि, पर्यटन र पूर्वाधार"** भन्ने नारालाई साकार पार्न आगामी आर्थिक वर्ष २०७८/०७९ को वार्षिक बजेट, नीति तथा कार्यक्रम तयार गरेको छु।

**बजेट तथा कार्यक्रमका उद्देश्यहरु**

यस आर्थिक वर्षको लागि अनुमानित कूल बजेट **५९ करोड २२ लाख ८८ हजार रुपैयाँको प्रारम्भिक** प्रक्षेपण गरेको छु । यही बजेटको सीमाभित्र रहेर आ.व. २०७८/०७९ को लागि बजेटको निम्न उदेश्यहरु निर्धारण गरेको छु :

१) यस नगरपालिकाका बजार एवम् ग्रामीण क्षेत्रबिच अन्तर सम्बन्धित आयोजनाहरु कार्यान्वयन गरी ग्रामीण क्षेत्रका वासिन्दाहरुको बजार क्षेत्र तथा केन्द्रसम्मको पहुँच बढाई आयमूलक रोजगारीका अवसरहरु सिर्जना गरी गरिवी न्यूनीकरण गरिने छ।

२) पछाडी पारिएका, लक्षित वर्ग र ग्रामीण भेगमा रहेका वासिन्दाहरुमा सचेतना अभिवृद्धि गर्दै सीपमुलक र आयमुलक कार्यक्रम मार्फत जीवनस्तरमा सुधारमा निरन्तरता दिइने छ।

३) जनसहभागिता तथा लागत सहभागिताका आधारमा भौतिक पूर्वाधार निर्माणका योजनाहरुलाई निरन्तरता दिनेछ।

४) ग्रामीण समुदायमा छरिएर रहेको पूँजीलाई कृषक समुह, महिला समुह, आमा समुह र किशोरी समुह आदि गठन गरी सहकारीताको सिद्धान्त बमोजिम एकिकृत गर्दै उत्पादन, रोजगारी तथा क्षमता विकास निरन्तरता दिइने छ।

५) सम्पूर्ण सार्वजनिक जग्गा, ताल तलैया, वनजंगल र नदीनाला लगायत सम्पूर्ण सार्वजनिक सम्पतिको संरक्षणमा जोड दिइनेछ।

६) सामाजिक स्थितिमा सुधार ल्याउन शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, सौर्यऊर्जा, विद्युत आदि सुविधाहरुको वृद्धि गरिने छ।

८) ग्रामीण क्षेत्रमा छरिएर रहेको परम्परागत सीप, क्षमता तथा पेसालाई आधुनिकीकरण गरी उनीहरुको जीवनस्तर सुधार ल्याउन विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

९) फोहोरमैला व्यवस्थापन र ल्याण्डफिल साईटको स्थान छनोट गरी यसै आ.व. देखि फोहोरमैला व्यवस्थित गरिनेछ ।

१०) स्वास्थ्य केन्द्रहरुको आवश्यक स्तरोन्नति गर्दै चाहिने उपरकणहरुको सुनिश्चितता गरिनेछ ।

११) कृषि क्षेत्रको विकासको लागि कृषिका पकेट क्षेत्रहरु निर्धारण गरी व्यावसायिक खेतीलाई प्रोत्साहन कार्यलाई निरन्तरता दिइनेछ ।

१२) पूर्वाधार निर्माणमा यसै वर्ष देखि भवन निर्माण आचारसंहिता लागु गरी भुकम्प प्रतिरोधी पूर्वाधार निर्माण प्रक्रिया सुरु गरिने छ। सो सम्बन्धमा आवश्यक पर्ने जनशक्तिलाई तालिमको व्यवस्था गरिनेछ।

१३) एकीकृत सम्पति करलाई राजश्व संकलनको मुल आधार मानी यसै आ.व. बाट प्रारम्भ गरिनेछ।

१४) कृषि विकासलाई प्रभावकारी र गुणस्तरीय बनाउन एक वडा एक कृषि प्राविधिक, एक वडा एक पशु स्वास्थ्य प्राविधिक राखि कृषि तथा पशु पंक्षीहरुको स्वास्थ्यलाई सुधार गरिने नीतिलाई निरन्तरता दिइनेछ।

१५) प्रमुख/उप-प्रमुखलाई सहयोग गर्न परामर्श सेवाबाट सल्लाहकार तथा सहयोगीको व्यवस्थाका लागि कार्यविधि बनाई आवश्यक सेवा खरिद गर्ने नीति लिइनेछ ।

१६) न्यायीक समितिलाई थप प्रभावकारी वनाउने नीति लिइनेछ ।

१७) धार्मिक स्थल तथा पर्यटकीय स्थलहरुको अध्ययन तथा प्रचार प्रसार गरी पर्यटन विकासमा जोड दिने नीति लिइने छ ।

**क) आर्थिक विकासः**

१) **"आर्थिक समृद्धिको पहिलो आधार कृषि"** भन्ने मुल नाराका साथ नगरपालिका क्षेत्रको कृषि सम्भाब्यता अध्ययन गरी माटो सुहाउँदो कृषि उत्पादन प्रवर्द्धनद्धारा कृषिलाई ब्यावसायिक, आधुनिक तथा प्रविधियुक्त बनाई यसको बजारीकरण गर्ने कार्यलाई निरन्तरता दिइने छ।

२) **"कृषि पूर्वाधार सुनिश्चित वजार"** भन्ने नारालाई आत्मसात गर्दै ब्यावसायीक कृषि उत्पादन, प्रशोधन तथा बजारीकरण गरिने स्थल सम्म कृषि सडक सञ्जाल, सिचाइ आयोजना, कृषि संकलन केन्द्र र बजारीकरणका लागि प्रदेश सरकार र केन्द्र सरकार तथा विकास साझेदार निकायहरुसंग सहकार्यलाई निरन्तरता दिइनेछ।

४) कृषि उत्पादन नीति अवलम्वन गरी कृषि पेशालाई सम्मानित, मार्यादित र कृषकलाई आत्मनिर्भर बनाई कृषिमा आश्रित जनताको जीवनस्तर सुधार गर्न नेपाल सरकार, प्रदेश सरकार तथा अन्य विकास साझेदार निकायसंगको साझेदारिमा कृषि क्षेत्रको विकास गर्ने कार्यलाई निरन्तरता दिइने छ।

५) कृषि पूर्वाधारः सडक, सिचाइ, भण्डारण र संकलन केन्द्रलाई सुधार तथा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६) कृषि तथा पशु बीमा कार्यक्रमलाई प्रभावकारी बनाइने कार्यलाई निरन्तरता दिइने छ ।

७) **"एक गाउँ एक नमुना कृषि उत्पादन ब्लक"** तथा कृषि पकेट क्षेत्र निर्धारण गरी कृषि जन्य वस्तुको निर्यात ब्यापारलाई प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

८) दुग्ध उत्पादनका लागि विशेष नीति अवलम्वन गरी ब्यवसायीक पशुपालन तथा दुग्ध जन्य उद्योगलाई प्रोत्साहित गरिनेछ ।

९) पशु नस्ल सुधारका लागि कृतिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ । पशु आहारका लागि घाँस खेतीको कार्यक्रम संचालन गरिनेछ । पशु स्वास्थ्यका लागि औषधी उपचारको ब्यवस्था गरिनेछ ।

१०) नगरपालिका भित्रका पशुपंक्षी फर्म, मासु पसल, एग्रोभेट पसलहरु दर्ता गरी नियमन गरिनेछ।

११) मासुजन्य ब्यवसाय गर्ने ब्यवसायीलाई स्वच्छ मासु विक्रि वितरणका लागि साझेदारीमा आधारित अनुदान कार्य लागु गरिने छ ।

१२) **"एक गाउँ एक कृषि तथा पशु प्राविधिक"** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
१३) कृषि उत्पादन बृद्धिका लागि साना सिचाइ आयोजनाहरुको निर्माण र मर्मतमा विशेष जोड दिइनेछ ।
१४) युवाहरुको वढ्दो वैदेशिक पलायनलाई निरुत्साहित गरिनेछ, यसका लागि कृषि क्षेत्रमा आकर्षण बढाउन लगानीमा आधारित अनुदान साझेदारिको व्यवस्था गर्ने नीति बनाई कार्यान्वयन गरिनेछ ।
१५) कृर्षि उत्पादन, प्रदर्शनी मेला आयोजना गरिनेछ र उत्कृष्ठ कृषकलाई पुरुस्कृत गर्ने व्यवस्था मिलाइने छ।
१६) भूगोल र हावापानी सुहाँउदो जातको मौरी पालनलाई व्यवस्थित गर्न मौरी पालन समुह गठन गरी मौरी पालन व्यवसायलाई प्रवर्द्धन र विस्तार गरिनेछ ।
१७) मेलौली नगरपालिका भित्र दर्ता नभएका व्यवसाय गर्ने व्यवसायीलाई कानूनी प्रक्रियामा ल्याई दर्ता प्रक्रियाका लागि आह्वान गरिनेछ । कालो बजारी नियम कानून विपरित व्यवसाय संचालन गर्ने व्यवसायीलाई कानूनी दायरामा ल्याइनेछ।

**२. औद्योगीक नीतिः**

यस नगरपालिकामा परम्परागत कुटीर उद्योग बाहेक कुनै पनि उद्योग धन्दा संचालनमा नरहेको र उद्योग क्षेत्रमा न्यून लगानि रहेकाले प्राप्त श्रोत साधानको समुचित प्रयोग गरी राष्ट्रिय औद्योगिक नीतिलाई टेवा पुग्ने गरी देहायका नीतिहरु अवलम्बन गरिएको छ ः

१) साना तथा घरेलु उद्योगहरुलाई विकास एवम् विस्तार गर्न विभिन्न किसिमका ब्यावसायिक सीपमूलक तालिमहरुको व्यवस्था यसै वर्ष देखि सुरु गरिने छ ।
२) औद्योगिक ग्रामको स्थापना कार्यलाई समयमै सम्पन्न गर्ने र उद्योग सञ्चालनमा ल्याउन पहल गरिनेछ।
३) नयाँ लधु उद्यमी सिर्जना गर्ने पूर्नताजागी सीप विकास तालिम संचालन गर्ने र प्रगति हस्तातरण गर्ने जस्ता कार्यक्रमहरुमा बजेट व्यवस्थापन गरिनेछ। प्रदेश तथा संघ सरकारसँग साझेदारी कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।
४) परम्परागत उद्योगहरुको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक तालिमहरुको व्यवस्था गरिनेछ।
५) नगरपालिकास्तरीय औधोगिक नीति बनाई उद्योग वाणिज्य क्षेत्रमा नीजी, सार्वजनिक लगानीलाई आकर्षण गर्नुको साथै संरक्षणको व्यवस्था मिलाईने छ ।

**३. संस्कृति तथा  पर्यटन प्रवर्द्धन**

यस नगरपालिका भित्र रहेका रमणीय पर्यटकीय स्थलहरु, धार्मिक स्थलहरु, जैविक विविधताले भरिपूर्ण वनजंगलहरु, ऐतिहासिक स्थलहरु, खनिज सम्पदाहरु, भेषभुषा, भाषा तथा संस्कृति, रहन-सहन तथा वातावरणीय विविधता, स्थानीय उत्पादन जस्ता कुराहरुलाई मध्य नजर गर्दै यी सम्पदाहरुको समुचित सदुपयोग, सम्बर्द्धन तथा पवर्द्धन गर्दै निम्न आय भएका अति गरिब र विपन्न परिवारहरुको जीवनस्तर उठाउन निम्न नीतिहरु अवलम्बन गरिनेछः

१) यस नगरपालिका भित्र रहेका विभिन्न जातजातिहरुको मौलिक संस्कृति, भाषा, भेषभूषा र सभ्यताको संरक्षण तथा सम्वर्द्धनका साथै वाजा संरक्षण कार्यक्रम निरन्तरता दिइने छ ।
२) नगरपालिका भित्र रहेका सबै मठमन्दिरहरुलाई व्यवस्थित गरिनेछ। मन्दिरहरुको संरक्षण, मर्मत संभारमा निरन्तरता दिइने छ ।
३) ग्वाल्लेक धाम, मेलौली भगवती मन्दीर, महारुद्र धाम, गंगेश्वर मन्दीर, शीवमन्दीर, शीवधाम, केदार मन्दीर, देव गुफा, समैजी धाम, उदैदेव मन्दीर, द्वारसैनी, धनखोला,, कोल्तडी, खोरडा, तितावै, सलेना, खलिगाड तथा तलको ग्रामीण वस्ती सूर्नयागाड, जैविक विविधताले भरिपूर्ण वनजंगल, एवम् विभिन्न साहसीक यात्रा तथा प्याराग्लाईडिङ, वञ्जीजम्प गर्नका लागि सम्भावित भौगर्भिक स्थानहरुको संरक्षण एवम् पहिचान गरी विशेष कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ। साथै उक्त स्थानहरुको बारेमा प्रचार-प्रसार गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
४) प्याराग्लाईडिङ्को सम्भाब्यता अध्ययन गरी आधुनिक पर्यटकीय पूर्वाधारहरु विकासको लागि आवश्यक समन्वय गरिनेछ ।
५) यहाँको पर्यटकीय क्षेत्रहरुको प्रचार-प्रसार, होटल लगायतका पर्यटन पूर्वाधारहरुको विकास गरी आन्तरिक र वाह्य पर्यटनहरुलाई पवर्द्धन गरिनेछ ।

**४. वातावरण संरक्षण**

१) प्राकृतिक सम्पदाको संरक्षण गर्दै सार्वजनिक जग्गाहरुमा वन विस्तार गरी सम्पूर्ण क्षेत्राधिकार भित्रका सामुदायिक वनहरुको  स्वामित्व ग्रहण गरिनेछ ।
२) धार्मिक तथा पुरातात्विक स्थानहरुको खोज, पहिचान, संरक्षण तथा प्रचार-प्रसारमा पहल गरिनेछ ।
३) सामुदायिक वन उपभोक्ता समितिहरुलाई विभिन्न जनचेतना जगाउने जस्ता कार्यक्रमहरुमा संलग्न गराइनेछ ।
४) योजना छनोट तथा संचालन गर्दा अपाङ्गमैत्री, बालमैत्रि र बातावरणमैत्रि बनाउने नीति प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
५) उद्योग संचालनका लागि वातावरणीय पक्षलाई ध्यान दिइनेछ र स्थापित उद्योगलाई वातावरणीय पक्षमा सुधारका लागि प्रभावकारी कार्य गर्न प्रोत्साहन गरिनेछ ।
६) वैकल्पिक ऊर्जाको प्रयोगलाई जोड दिइनेछ।
७) प्राकृतिक मुल संरक्षण तथा नदिनालाको संरक्षणमा विशेष ध्यान दिइनेछ ।
८) राष्ट्रिय र सामुदायिक वन दुबैलाई एकिकृत वन विकासको माध्यमबाट हराभरा र उपयोगी बनाइनेछ ।

९) विकास साझेदारी निकायहरुको लगानी साझेदारितामा **"एक वडा एक वन नर्सरी निर्माण"** गर्ने नीति लिइनेछ। रैथानी विरुवाहरुको संरक्षरणमा विषेश जोड दिइनेछ ।

१०) वन विकासको लागि विभिन्न किसिमका वेत, बाँस, वकाइनो र लिप्टिस जातका विरुवाहरु समेत ल्याई वृक्षारोपण तथा वन विकास कार्यमा विशेष ध्यान दिइनेछ ।

**५. सहकारी**

यस नगरपालिकालाई सहकारी मैत्री नगरपालिकाको रुपमा विकास गर्न आवश्यक रहेको र गाउँमा छरिएर रहेको पूँजीलाई एकिकृत गरी वेरोजगार महिला तथा युवाहरुलाई रोजगारि सिर्जना गर्दै देशविकासको मुल धारमा ल्याउन आवश्यक रहेकाले देहाय बमोजिका नीतिहरु अवलम्बन गरिएको छ ।

१) **"एक घर एक सहकारी सदस्य"** नीतिलाई निरन्तरता दिइनेछ।

२) सहकारी नीति अर्न्तगत सहकारीका रुपमा कृषि, पशुपालन र पशुजन्य उद्योगहरुलाई प्रोत्साहन गरिनेछ।

३) साना बचत तथा आय-आर्जन, कुटिर उद्योगहरु, कृषिजन्य उद्योगहरुमा सहकारी क्षेत्रको लगानी बढाइनेछ ।

४) यस नगरपालिका भित्र रहेका सहकारीहरुलाई प्रवर्द्धन गर्न लेखा ब्यवस्थापन लगायतका तालिमहरु संचालनमा ल्याइनेछ ।

५) सहकारी क्षेत्रको विकासका लागि निरन्तर रुपमा सहकारीहरुको अनुगमन तथा नियन्त्रण गरिनेछ ।

६) सहकारीलाई प्रवर्द्धन र विकास गर्न यस नगरपालिकामा छुट्टै शाखा खोली कर्मचारीहरुलाई ब्यवस्थापन गरिनेछ ।

७) सहकारी मार्फत यस नगरपालिकाले आर्थिक समृद्धि प्राप्त गर्न सक्ने सम्भावना रहेकाले साना सहकारीहरुलाई एकीकृत गर्दै पूँजी विस्तार र परिचालनमा जोड दिइनेछ ।

८) नगरपालिका भित्रका कृषि तथा पशु समूहहरुलाई सहकारीमा रुपान्तरण गर्ने नीति अवलम्बन गरिनेछ ।

९) संघीय सरकारको नीति अनुरुप गरिबी निवारण कोष मार्फत गठित सामुदायिक संस्थाहरुलाई सहकारीमा रुपान्तरण गर्न आवश्यक पहल गरिनेछ।

**ख) सामाजिक क्षेत्र**

**१. शिक्षा**

सबै नेपालीलाई देशभक्त, भविष्यप्रति आशावान, सभ्य, सुसंस्कृत, योग्य, प्रतिस्पर्धी, उद्यमशील, सिर्जनशील, सकारात्मक सोचयुक्त र आत्मविश्वासी नागरिक तयार गर्ने नेपाल सरकारको नीतिलाई आत्मसाथ गर्दै मेलौली नगरपालिकाको शिक्षा नीति तयार गरिएको छ। मेलौली नगरपालिकालाई गुणस्तरीय शिक्षाको केन्द्रको रुपमा विकास गर्न देहाय अनुसारका नीतिहरु अबलम्बन गरिनेछः

१) सामुदायिक विद्यालयलाई गुणस्तरीय शिक्षाको केन्द्रको रुपमा विकास गरी गुणस्तरीय, ब्यवहारिक, प्रयोगात्मक र २१औं सताब्दी अनुकूलको शिक्षा पद्धतिको सुनिश्चिचता गरिनेछ।

२) राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा सृजित ज्ञान तथा सीपलाई स्थानीय आवश्यकता अनुरुप परिमार्जित गरी योग्य र सक्षम नागरिक उत्पादन तर्फ शैक्षिक क्रियकलापलाई केन्द्रित गरिनेछ ।

३) शिक्षामा क्रमशः ICT प्रयोगको सुनिश्चिता गरिनेछ। विद्यालयहरुलाई विद्युतीय सञ्चारको नेटवर्कमा जोडी विद्यालयहरु बीच तथा शिक्षा शाखा बीचको अन्तरक्रियालाई सुदृढ गरिनेछ। नगर भित्रका शैक्षिक गतिविधिहरुमा एकरुपता कायम गरिनेछ।

४) **"वालवालिकालाई विद्यालय ल्याऔं र पढाइमा टिकाऔं"** कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५) नगर विद्यालय सुधार कार्यक्रम मार्फत विद्यालयको शैक्षिक तथा ब्यवस्थापकीय सुधार गरी गुणस्तरीय शिक्षाको प्रत्याभुति गरिने छ। आ.व. २०७७/७८–०८६/८७ लाई सार्वजनिक विद्यालय सवलिकरणलाई निरन्तरता दिइनेछ।

६) विद्यार्थीको चौतर्फी विकासको लागि शैक्षिक कार्यक्रमका साथसाथै अतिरिक्त क्रियाकलापलाई प्रोत्साहन गरिनेछ। **"एक विद्यालय एक खेलकुद शिक्षक"** को क्रमशः ब्यवस्थापनलाई निरन्तरता दिइनेछ। विद्यालयस्तरीय, अन्तर विद्यालय तथा नगरस्तरीय प्रतिस्पर्धात्मक कार्यक्रम प्रवर्द्धन गरिनेछ।

७) शैक्षिक नेतृत्वको पेशागत तथा नेतृत्व क्षमता विकास गरी विद्यालयको ब्यवस्थापकीय चुस्ततालाई सुदृढ गरिनेछ । शैक्षिक नेतृत्वसँग विद्यालय सुधारका अनुवेशणात्मक र रणनीतिक योजना **(Operational Plans and Strategic Plans)** माग गरी सोको प्रभावकारी कार्यन्वयनको सुनिश्चितता गरिनेछ ।

८) शिक्षकहरुको पेशागत क्षमता विकासको लागि तालिमको ब्यवस्थापन गरिनेछ । शिक्षकहरुको उचित मूल्याङ्कन गरी उत्कृष्ठ शिक्षकहरुलाई प्रोत्साहनको ब्यवस्था गरिनेछ ।

९) विद्यार्थीको उपलब्धीलाई शिक्षकको कार्यसम्पादन सँग प्रत्यक्ष आवद्धता गरिनेछ । शैक्षिक उपलब्धी तथा गुणस्तर कमजोर हुने विद्यालयलाई उचित उपचारको ब्यवस्था गरिनेछ ।

१० विद्यालयको विस्तृत प्रोफाइल तयार गरिनेछ । प्रोफाइलको आधारमा विद्यालयका सबल र दुर्बल पक्षको सुक्ष्म चिरफार गरी विद्यालयको आवश्यकता परिपूर्तिका लागि उचित रणनीति तयार गरिनेछ ।

११) शैक्षिक गुणस्तर सुनिश्चितताको लागि आवश्यक भौतिक पूर्वाधारको विकास गरिनेछ । पूर्वाधार निर्माण गर्दा बालमैत्री, अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाइने नीति लिइनेछ । प्रभावकारी दण्ड र पुरुस्कारको ब्यवस्था गरी स्रोत साधनको महत्वम प्रयोगको सुनिश्चितता गरिनेछ ।

१२) विद्यार्थी संख्याको आधारमा नगरस्तरीय शिक्षक दरबन्दी मिलान कार्यलाई निरन्तरता दिइनेछ।
१३) विद्यालयमा लागु औषध, प्राकृतिक प्रकोप, महामारी आदिबारे सचेतना अभियान संचालन गरिनेछ।
१४) पिछडिएको जातजाती, दलित, आदिवासी जनजाती तथा गरिब समुदायबाट SEE मा सर्वोत्कृष्ट अंक प्राप्त गर्ने छात्रछात्रालाई उच्च शिक्षा अध्ययनका लागि छात्रबृतिको व्यवस्था गरिनेछ।
१५) नगरले प्राविधिक शिक्षामा जोड दिने नीति लिनेछ। नगरभित्र प्राविधिक विद्यालय सञ्चालन तथा तिनीहरुको क्षमता तथा गुणस्तर अभिबृद्धिमा जोड दिइनेछ।
१६) बालकक्षाका शिक्षकहरुको क्षमता विकास गरी बालकक्षाको गुणस्तर अभिबृद्धि गरिनेछ। छनौट गरिएको बालकक्षा शिक्षकहरुलाई प्रोत्साहनलाई निरन्तरता दिइनेछ।
१७) युवाहरुको लागि सीपमूलक तालिमको व्यवस्था गरी उनीहरुमा उद्धमशिलताको विकास गरिनेछ ।
१८) नगर क्षेत्रमा विज्ञान तथा प्रविधियुक्त शिक्षाको प्रवर्द्धन गर्न तथा विज्ञान शिक्षा प्रति रुची जगाउन नगरस्तरीय विज्ञान प्रदर्शनी आयोजना गरिनेछ । उक्त पर्दशनीमा उत्कृष्ट विद्यालय तथा विद्यार्थीलाई पुरुस्कृत गरिनेछ ।
१९) विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी बनाइनेछ । शैक्षिक सुधारको लागि निर्माणात्मक मूल्याङ्कनमा जोड दिइनेछ । विद्यार्थीको हरेक प्रस्तुती अभिभावक समक्ष पुऱ्याउने व्यवस्था गरिनेछ।
२०) नगर शैक्षिक कार्यतालिका निर्माण गरी नगरस्तरीय शैक्षिक कार्यक्रममा एकरुपता ल्याइनेछ ।
२१) नगरस्तरीय शैक्षिक गतिविधिको सुपरिवेक्षण, अवलोकन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाइनेछ ।
२२) प्राथमिक कक्षाका विद्यार्थीहरुलाई उचित खाजाको व्यवस्थापन गरी पोषणको सुनिश्चिततालाई निरन्तरता दिइनेछ।
२३) प्राथमिक कक्षाका विद्यार्थीलाई लक्षित गरी प्रत्येक विद्यालयमा क्रमशः क्रिडास्थल **(Play Station)** को व्यवस्था गरिनेछ ।
२४) विद्यालयहरुमा पूर्वाधार निर्माण, वाल उद्यान निर्माण तथा जिर्ण भवन तथा संरचनाहरुको मर्मत संभारलाई विशेष ध्यान दिइनेछ।
२५) तोकिएको भन्दा कम भौगोलिक दुरी भित्र रहेका, विद्यार्थी संख्या कम भएका विद्यालयहरुलाई एकीकरण गर्ने नीति लिइनेछ।
२६) नगरको शैक्षिकको क्यालेण्डर निर्माण गरी शैक्षिक गतिविधिहरुमा एक रुपता ल्याइनेछ । शुक्रबारलाई अतिरिक्त क्रियाकलाप दिनको रुपमा प्रयोग गरी सोको रेकर्ड राख्ने र प्रतिलिपि शिक्षा शाखामा पेश गर्ने व्यवस्था मिलाइनेछ ।
२७) नगरपालिकामा स्थायी ठेगाना भएका जेहेन्दार तथा विपन्न विद्यार्थीहरुले सरकारी कोटामा एम.वी.वी.एस./बी.डी.एस. तथा वि.ई. अध्ययन गर्न आर्थिक स्रोतको अभाव भएमा निश्चित समय नगरपालिकामा सेवा गर्ने सर्तमा कार्य विधि बनाई आवश्यक छात्रबृत्ति प्रदान गरिनेछ।

**२. स्वास्थ्यः**

१) नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुको सुदृढीकरण गरिनेछ ।
२) स्वास्थ्य क्षेत्रमा स्वास्थ्य स्वयंम सेविकाहरुको योगदानको उच्च मूल्याङ्कन गर्दै महिला स्वास्थ्य स्वयंमसेविका बिऊ पुँजीकोष स्थापना गरिनेछ ।
३) वर्तमान समयमा विश्वब्यापी रुपमा माहामारीको रुपमा फैलिएको कोभिड १९ लगायतका विभिन्न प्रकोपजन्य माहामारी नियन्त्रणका लागि क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
४) धुम्रपान, मध्यपान र लागुपदार्थ दुव्यसनी नियन्त्रणको लागि स्थानीय संघ सस्थाहरु सँग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।
५) सबै स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीको स्तरवृद्धि गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
६) गाउँघर क्लिनिक र खोप क्लिनिकहरुलाई ब्यवस्थित गर्न स्वास्थ्य सेवा विभाग र नगरपालिका विचको साझेदारिलाई निरन्तरता दिइनेछ ।
७) नगरक्षेत्रका महिलाका लागि विशेष मातृ शिशु स्याहार कार्यक्रमलाई प्राथमिकताका साथ संचालन गरी संस्थागत सुत्केरी **(No Home Delivery)** गराउने कार्यलाई निरन्तरता दिइनेछ।
९) स्वास्थ्यमा सबैको पहुँच पुऱ्याउन विपन्न सबै बस्तीहरुमा एम्वुलेन्स सेवा पुग्ने गरी सडक पूर्वाधार निर्माण समेत गरिनेछ ।
१०) कम्तीमा ५० सैया सम्मको अस्पताल स्थापना गर्न पहल गरिनेछ । सो कार्यका लागि नेपाल सरकार, प्रदेश सरकार तथा विभिन्न संघ संस्थाको सहयोग समेत लिइनेछ ।
११) जिर्ण भएका स्वास्थ्य केन्द्रहरुको मर्मत सम्भार गरी संचालनमा ल्याइनेछ ।
१२) स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्न घुम्ति स्वास्थ्य सेवा शिविर समेत संचालन गरिनेछ ।
१३) कुपोषण भएका बच्चाहरुको पहिचान गरी निःशुल्क उपचारको ब्यवस्था मिलाइनेछ ।
१४) अति विपन्न र उपचारबाट बञ्चित घर परिवारहरुलाई स्वास्थ्यमा थप सहयोग गर्ने नीति लिइनेछ ।
१५) किशोर किशोरीहरुका लागि प्रजनन् स्वास्थ्य तथा यौन शिक्षा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
१६) **"उपमेयरको कोशेली कार्यक्रम"** लाई निरन्तरता दिईनेछ ।
१७) निःशुल्क औषधि वितरणको लागि आवश्यक बजेटको विनियोजन गरिनेछ ।
१८) **"स्वस्थ जीवनको लागि योग"** भन्ने नाराका साथ विद्यालयहरुमा योगबारे अध्ययन अध्यापन गर्ने कार्यक्रम लागु गरिनेछ।

१९) परिवार योजनाको आपूर्ति र मागलाई शून्यमा पुऱ्याउने अभियानलाई निरन्तरता दिइनेछ ।
२०) स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।
२१) प्रत्येक स्वास्थ्य संस्थामा प्रयोगशाला स्थापना गर्ने कार्यलाई थालनी गरिनेछ ।
२२) स्वास्थ्य संस्था नभएका वार्डहरुमा स्वास्थ्यकर्मी भर्ना गरी स्वास्थ्य सेवा प्रदान गरिनेछ र आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापनाका लागि आवश्यक पहल गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
२३) **Medic Mobile** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
२४) पोषणको अवस्था सुधारका लागि बहुक्षेत्रिय पोषण योजना कार्यक्रमलाई प्रभावकारीका साथ संचालन गर्ने कार्यलाई निरन्तरता दिईने ।

## ३. खानेपानी तथा सरसफाई

मेलौली नगरपालिकामा खानेपानीको सम्भावना हुँदाहुँदै पनि यहाँका अधिकांश जनता शुद्ध खानेपानीको पहुँचबाट बञ्चित रहेका छन । तसर्थ जनताको घरदैलोमा खानेपानीको पहुँच पुऱ्याई जनसेवा गर्ने अभियानलाई सफलता दिन निम्न नीतिहरु अबलम्बन गरिनेछः

१) खानेपानीको योजना निर्माण गर्दा मूललाई जलस्रोत ऐन अनुसार दर्ता गरिने नीति लिइनेछ ।
२) खानेपानीको योजना निर्माण गर्दा अनिवार्य रुपमा मर्मत सम्भार कोषको स्थापना गर्नुपर्ने नीति ल्याइनेछ ।
३) पानीका मूल, मुहान र स्रोतलाई संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
४) स्वच्छ पिउने पानी व्यवस्थापनका लागि **"मुहान देखि मुख सम्म सरसफाई कार्यक्रम"** बनाई कार्यान्वयन गरिनेछ।
५) विभिन्न सामाजिक संस्थाहरुसँग सहकार्य गरी विभिन्न आयोजनाहरुलाई निरन्तरता दिइनेछ ।
६) आधिकांश खानेपानीका आयोजनाहरुलाई लागत सहभागिताको आधारमा निर्माण गर्ने नीति लिइनेछ ।
७) सम्पन्न हुन बाँकी रहेका र सम्पन्न हुन नसकोका आयोजनाहरु सम्पन्न गराउन आवश्यक कदम चालिनेछ।
८) नगर भित्रका पुराना खानेपानी आयोजनाहरुको मर्मत सम्भारलाई विशेष जोड दिइनेछ ।
९) खानेपानी तथा सरसफाइ योजनाहरुलाई साथसाथै लगिने छ ।
१०) खानेपानीको समस्यालाई समाधान गर्न सम्भाव्यता अध्ययन गरी सबै वडाहरुमा खानेपानी योजना निर्माण प्रक्रिया अगाडी बढाइनेछ।

## ४. फोहोरमैला व्यवस्थापन

१) यस वर्षदेखि नगरपालिका भित्र फोहोर मैला व्यवस्थापन सम्बन्धी आवश्यक व्यवस्था मिलाइनेछ ।
२) फोहोर मैला व्यवस्थापन गर्न डम्पिङ साइडको व्यवस्थापन गरिनेछ ।
३) प्रत्येक घरमा फोहोरमैलाको वर्गिकरण गरी कम्पोष्ट मल बनाउने तालिम सञ्चालन गरिनेछ ।
४) यस नगर क्षेत्रलाई क्रमशः प्लास्टिकमुक्त क्षेत्र बनाउन विशेष कार्यक्रम तर्जुमा गरिनेछ ।
५) विभिन्न कारणले मरेका जिवजन्तुको सिनो व्यवस्थापन गर्न र जनचेतना अभिबृद्धि गर्न विशेष कार्यक्रम संचालन गरिनेछ । साथै पशुपालकहरुले पालेका पशुहरु मरेमा तिनको व्यवस्थापन गर्ने जिम्मा स्वयम् पशुपालककै हुने भएकाले जथाभावी मरेका पशुहरु फालेमा वा दुर्गन्ध फैलाएमा फोहोरमैला ऐन अन्तरगर्त निजहरुलाई कार्वाही समेत गर्ने नीति अवलम्बन गरिनेछ।

## ५. खेलकुद तथा मनोरञ्जन

यस नगरपालिका भित्र खेलकुद क्षेत्रको विकास गर्न आवश्यक रहेकाले **"खेलकुद र अनुशासन स्वस्थ जीवनको अभियान"** भन्ने उक्तिलाई चरितार्थ गर्दै समग्र खेलकुद क्षेत्रको विकास गर्न आवश्यक भएकाले नेपाल सरकारको राष्ट्रिय खेलकुद विकास नीतिलाई आत्मसाथ गर्दै खेलकुद विकासका लागि निम्न नीतिहरु अवलम्वन गरिएको छः
१) स्वस्थ शारीरिक विकासका लागि खेलकुदलाई एउटा सवल माध्यम बनाई खेलकुदको निरन्तर विकासमा जोड दिइनेछ ।
२) विभिन्न किसिमका खेलकुद सँग सम्बन्धित कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।
३) **"राष्ट्रपति रनिङ्ग सिल्ड तथा मेयरकप"** प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
४) सबै तहका विद्यालयहरुमा खेलकुद विकासलाई विशेष जोड दिइ खेलकुदका कार्यक्रमहरु सञ्चालनमा ल्याउनुका साथै खेल सामाग्रीहरु उपलब्ध गराइनेछ ।
५) विद्यालयस्तरीय र वडास्तरीय विभिन्न खेलकुदका क्रियाकलापहरु सञ्चालन गरी खेलकुदलाई प्रतिस्प्रर्धात्मक बनाउनका साथै यसको व्यवसायिकतामा जोड दिइनेछ ।
६) यस नगरपालिकाबाट राष्ट्रिय प्रतिभाहरु उत्पादन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी बनाउन र खेलाडीलाई प्रोत्साहान गर्न विशेष सुविधाहरु उपलब्ध गराइनेछ ।

७) राष्ट्रिय तथा अन्तराष्ट्रिय विजेताहरुलाई विशेष सम्मानको कार्यक्रम आयोजना गरिनेछ ।
८) खेलकुदका लागि आवश्यक पूर्वधारहरुको विकासमा जोड दिइनेछ ।
९) खेलकुद सँग सम्बन्धित क्लब तथा सस्थाहरुलाई सुदृढ गरिनेछ ।
१०) स्थानीय यूवा तथा बालक्लवहरु मार्फत खेलकुद सम्बन्धि क्रियाकलाप संचालन गर्ने नीति ल्याइनेछ ।
११) नगरकै गौरवको रुपमा रहेको नगरस्टेडियम निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
१२) विनियोजित रकमबाट यसै वर्षदेखि उपमेयर कप क्रिकेट प्रतियोगिता सञ्चालन गरिनेछ ।

**६. महिला, जेष्ठ नागरिक तथा बालबालिका नीति**

१) लैङ्गिक समता तथा सशक्तिकरणको माध्यमबाट छुवाछुत, विभेद, पछौटेपन, गरिबी, बेरोजगारी आदिको चपेटामा परेका महिला दिदीबहिनीहरुको जीवनस्तर अभिबृद्धि गरी समाजका हरेक क्षेत्रमा उहाँहरुको समानुपातिक, सक्रिय र अर्थपूर्ण सहभागिता अभिबृद्धि मार्फत आर्थिक तथा सामाजिक स्थिति सुधार गर्नेतर्फ नगरको महिला तथा बालबालिका विकास नीति केन्द्रित हुनेछ ।
२) महिला तथा बालमैत्री नगर स्थापनाका लागि महिला, अपाङ्ग तथा बालअधिकारको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
३) महिला, बालबालिका, अपाङ्कता भएका, जेष्ठ नागरिक, दलित, पिछडिएको वर्गको जीवनस्तरमा सुधार ल्याउन विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।
४) नगरभित्र निर्माण गरिने संरचनाहरु लैङ्गिक तथा अपाङ्गमैत्री बनाउन आवश्यक कार्यहरु गरिनेछ।
५) अपाङ्गता भएका तथा किशोर किशोरीहरुको आय आर्जन र स्वावलम्बी जीवनयापन गर्न सीपमूलक तालिम सञ्चालन गरिनेछ। यस्तो तालिम संचालन गर्न प्रदेश सरकार तथा सम्बद्ध संस्थाहरुसँग आवश्यक सहकार्य गरिनेछ।
६) एकल महिलाहरुको आत्मसम्मान बढ्ने आर्थिक विकास तथा स्वावलम्बनको कार्यक्रम सञ्चालनमा ल्याइने छ । एकल महिला लक्षित सीपमूलक तालिमहरु सञ्चालन गरिनेछ ।
७) यस नगरपालिकालाई छुवाछुत, छाउपडी प्रथा एवम् भेदभाव मुक्त बनाउन सचेतना कार्यक्रम संचालन गरिनेछ साथै क्षमता विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
८) बालश्रम र बाल विवाहमुक्त नगरपालिका बनाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
९) सामाजिक तथा आर्थिक रुपमा पछाडि परेका वर्गलाई योजना छनौट देखि प्रतिफल वितरण सम्मका चरणहरुमा न्यायसंगत तरिकाबाट सहभागी गराउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
१०) अपाङ्गता भएको ब्यक्तिहरुलाई सेवाप्रवाहमा विशेष प्राथमिकता दिई सिफारिस लगायतका सेवासुविधाहरु निशुल्क उपलब्ध गराइने छ।
११) समाजमा पिछडिएका विपन्न महिलाहरुको आय-आर्जनमा सुधार ल्याइ उहाँहरुको जीवनस्तर सुधार गर्न विभिन्न सीपमूलक तथा आयमूलक कार्यक्रमहरु सञ्चालन गरिने छ।
१२) नगरापलिकाको बजेटलाई लैङ्गिक उत्तरदायी बजेट बनाइने छ।
१३) नगरपालिका क्षेत्रमा हुने घरेलु हिंसा तथा लैङ्गिक हिंसालाई निरुत्साहित गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
१४) **अन्तराष्ट्रिय नारी दिवस तथा तिज** जस्ता महिला विशेष कार्यक्रमहरुलाई सचेतना अभिबृद्धिमूलक कार्यक्रमहरु निरन्तता दिइनेछ।
१५) विदुर भत्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ अगामी आ.ब. देखि भत्तामा बृद्धि गरिनेछ ।
१६) बालबालिका र महिलाहरुको हकहित संरक्षणको लागि स्थापित भएका संस्थाहरुसित समन्वय र सहकार्य गर्दै संस्थागत सहयोगको प्रक्रियालाई अगाडी बढाइने छ ।
१७) मानसिक सन्तुलन बिग्रेका बच्चा तथा महिलाहरुलाई संरक्षण गृहसम्म पुऱ्याउन र उक्त अवधिमा निजहरुलाई खानाको समेत आवश्यकयता प्रबन्ध मिलाइने छ ।
१८) जेष्ठ नागरिकहरुलाई प्रोत्साहन गर्न अर्न्तराष्ट्रिय जेष्ठ नागरिक दिवस जस्ता कार्यक्रमहरुलाई उहाँहरुको अधिकार प्राप्तितर्फ केन्द्रित गरी मनाउने ब्यवस्था गरिने छ ।
१९) जेष्ठ नागरिकलाई उहाँहरुका हक अधिकारबारे जानकारी गराई उहाँहरुलाई अत्मनिर्भर तथा सम्मानका साथ बाँच्न सक्ने वातावरण सिर्जना गर्न विभिन्न चेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ । साथै जेष्ट नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिईने छ ।
२०) फरक क्षमता भएका ब्यक्तिहरुको आत्मसम्मान र उच्च मनोबल कायम राख्न आवश्यक कार्यक्रम संचालन गरिने छ ।

**७. पूर्वाधार विकास :**

१) नगरपालिकाको आवधिक योजना ग्रामिण यातायात गुरुयोजना, ढलनिकास गुरु योजना, विद्युत सहकारी अवधारणालाई पहिलो प्राथामिकतामा राखि योजना कार्यान्वयनमा ल्याईने छ ।
२) गाउँ, प्रदेश र केन्द्र सरकारको अन्तरसम्बन्धमा आधारित र अधिकतम लागत सहभागितामा सञ्चालित आयोजनाहरुलाई प्राथमिकता दिईने छ ।

३) संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयले निर्धारण गरेको न्यूनतम मापदण्ड तथा मेलौली नगरपालिकाको भवन निर्माण मापदण्ड र आचारसंहिता अनुरुपको वस्ति विकास योजनालाई लागु गरी व्यवस्थित सहरको विकास गरिनेछ ।

४) विकास निर्माणका कार्यहरुमा गुणस्तर कायम गर्न निरीक्षण, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाईने छ ।

७) भौतिक पूर्वाधार निर्माणको गुणस्तर परिक्षण गर्न जिल्ला भित्र रहेका सम्बन्धित निकायहरुसँग सहकार्य गरी गाउँक्षेत्र भित्र हुने भौतिक पूर्वाधार निर्माण कार्यको गुणस्तर सुनिश्चित गरिनेछ।

८) भुकम्प प्रतिरोधी भवन निर्माणको लागि प्रोत्साहन गर्न डकर्मीहरुको प्रमाणपत्रलाई आधार मानेर निर्माण कार्यलाई प्राथमिकता दिइनेछ। नक्सा पास तथा भवन निर्माण प्रक्रियामा तालिम लिएका डकर्मीहरुको प्रमाणपत्र राखेर निर्माण प्रक्रिया अगाडी बढाउने नीति लिईनेछ ।

९) मेलौली नगरपालिकामा भइरहेको क्रमिक जनसंख्या बृद्धि तथा बद्‌दो सहरीकरणलाई मध्य नजर गर्दै नगरपालिका क्षेत्रभित्र व्यवस्थित वसोवास गराउने उद्देश्यले एकीकृत जग्गा विकास आयोजनालाई अगाडि बढाइने छ।

१०) योजना मर्मत सम्भारका लागि छुटै मर्मत सम्भार कोष खडा गरी संचालनमा ल्याइने छ ।

११) सडक मापदण्ड स्वीकृत गरी कार्यक्रम अघि बढाइनेछ ।

१२) विकासको क्षेत्रमा काम गरि रहेका सामाजिक संस्थाहरु सँग सहकार्य गरिनेछ ।

१३) साना सिचाइँ आयोजनाहरुलाई निर्माण तथा मर्मत सम्भार गर्दै ठूला आयोजनाहरुको लागि सम्बन्धित निकायबाट सम्बन्धन गर्न संघीय र प्रादेशिक योजनामा समाहित गर्ने प्रक्रिया अघि बढाइने छ ।

१४) वायो इन्जिनियरिङ्लाई सबै योजनामा लागु गर्दै अघि लगिने छ ।

१५) भवन निर्माण मापदण्ड तथा आचार संहितालाई मन्त्रालयले तोके बमोजिमनै घर नक्सा पास अनिवार्य गर्ने नीति लिइने छ।

१६) नक्सा पास र नापीलाई यसै आ.व बाट व्यवस्थित गरिने छ ।

१७) सडक लगायतका पूर्वाधार निर्माण तथा घर निर्माण गर्दा अनिवार्य रुपमा सडक मापदण्डको पालन गर्न लगाईनेछ ।

१८) अटेर गरी नगरपालिकाको नीति नियम विपरित भौतिक संरचना निर्माण गर्नेलाई दण्ड जरिवाना गरिनेछ ।

१९) सरकारी स्वामित्वमा रहेका सबै भौतिक संरचनाहरुको लगत राखि व्यवस्थित गरिनेछ र त्यस्ता संरचनाहरुको मर्मत सम्भार नियमित रुपमा गर्ने व्यवस्था मिलाईने छ ।

२०) निर्माणाधिन आयोजना तथा लामो समयसम्म टिक्ने मेसिनरी औजरहरुको ह्रासकट्टी गरी लगत राख्ने व्यवस्था मिलाइने छ ।

२१) आयोजनालाई वातावरणमैत्री बनाइने छ। सम्भव भए सम्मका स्थानहरुमा हरियाली व्यस्थापनलाई विशेष जोड दिईने छ ।

**<u>८. उर्जा तथा लघु जलबिद्युत</u>**

देशविकासको मुल आधारको रुपमा रहेको विद्युत ऊर्जालाई विस्तार गर्न यस नगरपालिकामा अतिआवश्यक रहेकाले विधुत सहकारीको माध्यमबाट यस क्षेत्रको ऊर्जा विकास गर्न आवश्यक देखिएको छ। ऊर्जाको विकास विस्तार तथा उपभोगलाई सँग सँगै अघि बढाउनको लागि निम्न नीतिहरु अवलम्बन गरिएको छः

१) विद्युत लाइनको विस्तारका लागि सम्वन्धित निकायसँग समन्वय गर्न आवश्यक पहल गरिनुका साथै विधुत लाइन विस्तारमा लगानी समेत गरिनेछ ।

२) सरकारी, निजी र साझेदारी क्षेत्रलाई उर्जा प्रवर्द्धनका लागि प्रोत्साहन गर्ने नीति लिइनेछ ।

३) सौर्य ऊर्जालाई प्रोत्साहन गर्न गाउँघर उज्यालो कार्यक्रम ल्याइनेछ। गाउँ सहर, चोक र टोलहरुमा सोलार सडक बत्ती विस्तार गरिनेछ ।

४) विपन्न र विद्युत विस्तार नभएका क्षेत्रहरुमा विद्युत विस्तार गर्न आवश्यक पोल र तारको व्यवस्था गरिनेछ ।

५) सोलार वत्ती र वायोग्याँस Plant जडान गरी ऊर्जामा सुधार ल्याइनेछ । वडा नं. ४, ८ र ९ लाई विद्युतीका पहुँचमा पुगाउन पहल गरिनेछ।

**<u>९. संचार</u>**

भरपर्दो संचार माध्यम नभएको यस नगरपालिकामा संचार माध्यमलाई व्यवस्थित गराउन देहायका नीतिहरु अवलम्बन गरिनेछः

१) **GSM** सेवा सहज संचालनका लागि यस वर्ष भित्र आवश्यक स्थानमा टावर निर्माण गर्न लगाइनेछ ।

२) वडाहरुमा नेटवकिङ्ग सेवा विस्तार गरी राजश्व प्रणालीलाई सूचना प्रविधि प्रणाली सँग आवद्ध गरिने छ ।

३) सबै वडा र स्वास्थ्य केन्द्रहरुमा इन्टरनेट सेवा संचालन गरिने छ ।

४) विद्यालयहरुमा समेत इन्टरनेट सेवा संचालन गरी शिक्षा क्षेत्रमा सुधार ल्याइने छ ।

५) विधुतीय संचार प्रविधिलाई नीति अनुरुप नियमन/व्यवस्थापन गरिने छ ।

**<u>१० आर्थिक प्रशासन, राजश्व तथा कर प्रणाली</u>**

१) वित्तिय मितव्ययितालाई यस वर्ष अभियानको रुपमा संचालन गरिने छ।

२). आन्तरिक आयको बृद्धि तथा दिगो विकासका लागि कर प्रशासनलाई व्यवस्थित बनाइने छ ।

३). करको दायरा फराकिलो बनाउदै करका दरहरुमा समान्य हेरफेर गरिने छ । अगामी आ.व. २०७८/०७९ देखि व्यवस्थित रुपमा सम्पति कर र भुमि कर लागु गरिने छ ।
४) सम्पति कर भित्र नगरपालिकाका सबै करदाताहरुलाई समेटनका लागि नीति निर्माण तथा करदाता शिक्षा कार्यक्रम संचालन गरिने छ ।
५) न.पा. भित्र उच्चतम तथा नियमित कर तिर्ने करदाताहरुलाई सम्मान गर्ने नीतिलाई अघि बढाइने छ ।
६) नगरपालिका भित्र भिन्न व्यवसाय गर्ने सबै प्रकृतिका व्यवसायीहरुलाई नगरपालिकामा अनिवार्य व्यवसाय दर्ता गर्नुपर्ने प्रणालीलाई कार्यान्वियनमा ल्याइनेछ ।
७) तरकारी हाट बजार व्यवस्थापन कार्यको शुरुवात यसै वर्षैदेखि गर्ने नीति लिइनेछ ।
८) कर्मचारीको कार्यबोझ तथा जिम्मेवारीको आधारमा थप प्रोत्साहन गर्ने नीति लिइनेछ ।
९) राजश्व सम्भाव्यता अध्ययन प्रतिवेदन तथा नगरस्तरीय राजश्व परामर्श समितिको सिफारिसको आधारमा आयको प्रक्षेपण र कर शुल्कको दररेट निर्धारण गरी कर संकलनको प्रक्रियालाई प्रभाकारी बनाइनेछ ।
१०) पुंजीगत लगानीलाई आयमूलक आयोजनाहरुमा लक्षित गरिनेछ र दिगो आय दिने खालका आयमूलक आयोजनाहरुलाई बहुवर्षिय आयोजनाको रुपमा संचालन गरिने नीति लिइने छ ।
११) करको दायरा भित्र नपरेका र सार्वजनिक तथा सरकारी जग्गामा बसी व्यपार व्यवसाय गर्ने व्यवसायीहरु संग मापदण्ड तोकी बहाल बिटौरी कर लिने नीति लागु गरिने छ ।
१२) यसै वर्षदेखि पार्किङ्ग शूल्क र सवारी साधनहरुबाट सवारी साधन कर लिने नीलि प्रारम्भ गरिने छ ।
१३) यसै वर्षदेखि सुरु वजेट वक्तव्य वा प्रस्तुत गर्दा वर्षमा एक पटकका लागि प्रस्तुत कर्तालाई निश्चित रकम रु ५५५५ उपलब्ध गराई नयाँ परिपार्टिको सुरुवात गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

**११. सुशासन र पारदर्शिता**

१) सेवा प्रवाहलाई सहज, सरल र प्रविधिमैत्री सफ्टवेयरको प्रयोग, सी.सी. क्यामरा जडान, ई-हाजिरी, मोवाइल एपको प्रयोग, Group एस.एम.एस. सेवा आदि व्यवस्थापन गरिनेछ ।
२) सार्वजनिक जवाफदेहिता, पारदर्शिता र जनउत्तरदायित्व प्रवर्द्धन गर्नका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, हेल्प डेस्क, नागरिक भेला, सामाजिक परीक्षण जस्ता सुशासन संयन्त्रको प्रयोग गरिने छ ।
३) कर्मचारीहरुलाई अतिरिक्त समयमा समेत काममा लागाउन तथा प्रेरित गर्न आर्थिक क्षमताले भ्याएसम्म प्रोत्साहित गर्ने नीति लिइने छ र उत्कृष्ठ क्षमता प्रदर्शन गर्ने कर्मचारीलाई कार्य क्षमताको आधारमा पुरुस्कृत गरिनेछ।
४) नगरपालिकाका सबै वडा कार्यालयमा ईन्टरनेट सेवा संचालनका लागि आवश्यक व्यवस्था गरी सूचना प्राविधिमैत्री वडाको रुपमा व्यवस्थित गरिनेछ ।
५) गुनासो व्यवस्थापन, सूचनाको हक कार्यान्वयनका लागि आवश्यक व्यवस्था गरिनेछ । नगरको तथ्याङ्क र अभिलेखलाई व्यवस्थित गरी व्यवस्थित रुपमा सेवा प्रवाह गर्न नगरको समग्र वस्तुस्थिति समेट्ने गरी नगर पार्श्वचित्र तयार गरिनेछ ।
६) वडा कार्यलयबाट हुने घटना दर्ता कार्यलाई अनलाईन मार्फत संचालन गरिदै आएकोमा सोलाई आगामी दिनमा समेत निरन्तरता दिईनेछ ।
७) नगर कार्यपालिकाको कार्यालय, वडा समितिको कार्यालय तथा नगर अर्न्तगत संचालित सम्पूर्ण सेवा केन्द्रहरुको समेत अध्यावधिक नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।
८) सबै नगरवासीहरुलाई छिटो, छरितो, पहुँचयोग्य र प्रभावकारी न्याय प्रणालीको विकासका लागि न्यायीक समितिको क्षमता विकास कार्यक्रम संचालन तथा मेलमिलाप सेवाकेन्द्रको विस्तार गर्ने नीति अवलम्वन गरिनेछ ।
९) मेलौली नगरपालिकाको समग्र विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय सहयोग आकर्षित गर्ने नीति अबलम्बन गरिनेछ ।
१०) कर्मचारी प्रशासनलाई व्यवस्थित गर्न प्रत्येक शाखाको कार्यविवरण तयारगरी कार्यविवरण मुताविक कार्य सम्पादन हुने व्यवस्था मिलाइने छ । साथै न्यूनतम शर्त तथा कार्य सम्पादन मूल्याङ्कनलाई कर्मचारीको का.स.मु.को आधार बनाइनेछ ।
११) सेवा प्रवाह सम्बन्धि गुनासो व्यवस्थापन गर्दै जनधारणा (**Public opinion**) लिने परिपाटिलाई अझ बढी व्यवस्थित गरिनेछ ।
१२) प्रत्येक योजनामा सार्वजनिक सुचनापार्टीको व्यवस्था गरिने र आयोजना संचालनमा अनुगमन समितिको क्रियासिलता बढाइने छ ।
१३) विभिन्न कर तथा दस्तुरहरुलाई कम्प्युरटरबाट नै विलिङगर्ने नीति लिई कम्प्युटर अभिलेख प्रणालीलाई दुरुस्त गरिने छ ।
१४) खरिद प्रणाली तथा नगरपालिकाको जिन्सीलाई व्यवस्थित बनाइने छ । खरिदको लागि शिलबन्दी र बोलपत्र आहवान गर्दा विद्युतिय बोलपत्रको माध्यमबाट गरिने छ साथै जिन्सीलाई व्यवस्थित गर्न जिन्सी व्यवस्थापन सूचना प्रणालीको व्यवस्था गरिनेछ ।
१५) बिदुर पुरुष, एकल महिला (५०-६०) उमेर समुह, १५ बर्ष भन्दा मुनिका टुहुरा बालबालिकालाई यस नगरपालिकाको आन्तरीक श्रोत बाट प्रदान गरिने सामाजिक सुरक्षा भत्ता लाई आगामि आ.व. २०७८।०७९ खाईपाई आएको सामाजिक सुरक्षा भत्तामा समानरुपले रु. ५०० (पाँच) सय का दरले बढाई मासिक रु. २०००/- (दुई हजार) पुन्याईनेछ ।

१६) यस नगरपालिकाको आन्तरिक श्रोतबाट प्रदान गरिने सामाजिक सुरक्षा भत्तालाई आगामि आ.व. २०७८।०७९ को पहिलो चौमासिक देखि अनिवार्य रुपमा बैकिङ् प्रणाली मार्फत वितरण गरिनेछ।

१७) चालु आ.व. २०७७।०७८ मा वडा नं. ६ बाट सुरुवात गरिएको अनलाईन व्यक्तिगत घटना दर्तालाई आगामि आ.व. २०७८।०७९ देखि अनिवार्य रुपमा सबै वडा कार्यालयबाट व्यक्तिगत घटना दर्ता अनलाईन प्रणाली मार्फत संचालन गरिनेछ।

१८) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत यस मेलौली नगरपालिकाको सेवा ईकाईमा कार्यरत एम.आई.एस. अपरेटर तथा फिल्ड सहायकको लागि एक चौमासिक बराबरको पारिश्रमिक विभाग सँग सम्झौता भए बमोजिम यस नगरपालिकाको आन्तरिक श्रोतबाट उपलब्ध गराईनेछ ।

१९) सूचना प्रविधिको अधिकतम प्रयोग गरी त्यसलाई शुसासन कायम गर्ने एक माध्यमको रुपमा विकास गरी जनतालाई सरल, सहज एंव पारदर्शी सेवा प्रदान गरिनेछ ।

**१२. संगठन तथा जनशक्ति विकासः**

१) कार्यालयमा तत्काल आवश्यक पर्ने थप जनशक्तिको व्यवस्थापन सार्वजनिक खरिद ऐन तथा करार सेवा निर्देशिकाको आधारमा गरिनेछ ।

२) पटक-पटक सेवा खरिद गर्दा हुने कार्यबोझ र असहजतालाई विचारगरी पुराना सेवा करारमा लिई निरन्तरता पाएकाहरुलाई उनिहरुको योग्यता र आचारणको आधारमा कार्यालयको आवश्यकता र साधन स्रोत तथा क्षमतालाई हेरी निरन्तरता दिने नीति लिइने छ ।

३) उपलब्ध जनशक्तिको क्षमता विकास गर्दै उत्कृष्ट कर्मचारीहरुलाई कार्यसम्पादनका आधारमा पुरुस्कृत गर्ने परिपाटिको व्यवस्था गरिनेछ ।

४) न्यूनतम शर्त तथा कार्य सम्पादन मूल्याङ्कनलाई समेत कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको आधार बनाइनेछ ।

५) ऐन, नियमको परिधिभित्र रहि कार्य सम्पादन मूल्याङ्कनको आधारमा कार्यरत कर्मचारीको बढुवा, स्तरबृद्धि, प्रोत्साहन प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६) मौजदा जनशक्तिलाई समयानुकुल सक्षम बनाउन आन्तरिक एवम् बाहय सहयोगका आधारमा तालिम दिने नीतिलाई प्रामिकता दिइनेछ ।

**१३. रोजगार प्रवर्द्धन, गरिवि निवारण तथा आय-आर्जन सम्बन्धी नीति**

यस नगरपालिका भित्र रहेका अति विपन्न, अल्पसंख्यक तथा द्वन्द्वपिडित घर परिवारहरुमा उनीहरुको आयस्तर बढाउन विभिन्न किसिमका क्रियाकलापहरु संचालन गर्न आवश्यक रहेकाले सामाजिक परिचालनको माध्यमबाट समानुपातिक तवरले सबै वडाहरुमा निम्न बमोजिमका क्रियाकलापहरु संचालन गरी समूहलाई संगठित बनाई आयआर्जनमा बृद्धि गर्न र थप रोजगारीको सिर्जना गर्न निम्न क्रियाकलापहरु अघि बढाउने नीति लिईने छ ।

१) भुगोल, श्रोत, साधनको उपलब्धता तथा आवश्यकता समेत मध्यनजर गरी  कृषि, पशुपालन तथा मत्स्य व्यवसायका पकेट क्षेत्रहरु नीर्धारण गरिनेछ ।

२) पशुपालनको पकेट क्षेत्रमा बाख्रा पाठा, बगुंर तथा उच्च नश्लका बोका, भैसी र राँगा उपलब्ध गराईनेछ ।

३) दुग्ध व्यवसायहरुलाई हितमा राखी दुध संकलन केन्द्र सम्म पुर्याउन समूहमा दुधका क्यानहरु वितरण गरिनेछ । विशेष गरेर पाँच (५) भन्दा बढी गाई वा भैंसी पाल्ने र दुध उत्पादन गर्ने कृषकहरुलाई निशुल्क क्यान उपलब्ध गराईनेछ ।

४) तरकारी पकेट क्षेत्रहरुको निर्धारण गरी तरकारी र फलफुल खेती तर्फ किसानहरुलाई आर्कीषत गर्दै सिचाइँ नपुगेका स्थानहरुमा साना सिचाइँ तथा थोपा सिचाइँको व्यवस्था गरिनेछ।

५) प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाइनेछ ।

**१४. विविधः**

:

१) प्रचलित ऐन नियममा व्यवस्था भए बमोजिम राजश्व बाँडफाँडको लागि सम्बन्धित निकाय संग समन्वय गरी अघि बढ्ने नीति लिइनेछ ।

२) यस न.पा. क्षेत्रभित्र रहेका ऐलानी तथा सार्वजनिक जग्गाको संरक्षण र उपभोग गर्ने नीतिलाई निरन्तरता दिदै खुलेका नयाँ तथा पुराना सडकहरुको व्यवस्थित अभिलेख तयारी गरी नक्साकंन गरिनेछ ।

३) धार्मिक, ऐतिहासिक, साँस्कृतिक महत्वका धरोहरहरुको मर्मत, संरक्षण र विकासमा जोड दिने नीतिलाई निरन्तरता दिइनेछ ।

४) राष्ट्रका विभिन्न नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकासँग भगिनी सम्बन्ध स्थापनाका लागि पहल गरिनेछ ।

५) दातृ निकायहरुलाई मेलौली नगरपालिकाको विकास निर्माणमा सहभागिताको लागि अनुरोध गर्दै स्वस्थ लगानी वातावरण सृजना गरिनेछ ।

६) नगरपालिका भित्र रहेका नगरपालिका स्तीरय विभिन्न समिति तथा अन्य संगठित संस्थाहरुलाई क्रयाशील बनाइनेछ ।

७) यस क्षेत्र भित्र काम गर्न चाहने विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुलाई सकभर काममा दोहोरोपन नआउने गरी स्वीकृत दिइनेछ ।

८) जेष्ठ नागरिकलाई मध्यनजर गरी व्यवस्थित दिवा सेवा संचालन गरिनेछ ।

९) अन्तरराष्ट्रिय गै.स.स. हरुसँग समन्वय गरी मेलौली नगरपालिकामा कार्यक्रम संचालन गर्ने स्थानीयस्तरका गैर सरकारी संस्थाहरुलाई समपुरक अनुदानको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
१०) सभा सकिएपछि पनि अनुमति लिन आउने सामाजिक संस्थाहरुलाई नगर प्रमुखबाट औचित्य हेरी अनुमति दिन सक्ने गरी व्यवस्था मिलाइनेछ ।
११) बाढी पहिरोको जोखिममा रहेका बस्तीहरु स्थानान्तरण गर्ने नीति लिइनेछ ।
१२) नगरपालिकाको कामलाई व्यावस्थित गर्न आवश्यक परामर्श सेवा खरिद गर्ने नीति लिइनेछ ।
१३) छिटो प्रतिफल दिने खालका आयोजना तथा आर्थिक विकासको क्षेत्रमा सहयोग गर्ने खालका आयोजनाको विकासलाई निरन्तरता दिइनेछ।
१४) स्थानीय विकासको अवधारण अनुरुप आवश्यक योजनाहरुको पहिचान, मूल्याङ्कन तथा प्राथमिकता सम्बन्धी आयोजना बैंक, मार्गदर्शन तयारी गर्नका लागि राष्ट्रिय योजना आयोगमा अनुरोध गर्ने र समन्वय गर्ने ।

**सभाध्यक्ष महोदय,**
**सभाका सभासद ज्यूहरु,**

अब म मेलौली नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अनुमानित आय-व्ययको विवरण प्रस्तुत गर्न चाहान्छु । आ.व. २०७८/०७९ मा अनुमानित आय तर्फ रु ५९ करोड २२ लाख ८८ हजार र व्ययतर्फ पनि रु ५९ करोड २२ लाख ८८ हजार गरी आय र व्ययलाई सन्तुलित गरिएको छ । जसको सारांस निम्नानुसार छ :

**मेलौली नगरपालिका बैतडीको आ.व. २०७८/०७९ को श्रोत अनुमान तथा वार्षिक आयव्यय अनुमान विवरण**

| आय अनुमान | | | | व्यय अनुमान | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | बजेट श्रोत आय तर्फ | आ.व. २०७८/०७९ को अनुमानित तथा प्रस्तावित आय अनुमान रकम रु | रकम रु. अक्षरमा | विनियोजन शीर्षक व्यय तर्फ | आ.व. २०७८/०७९ को अनुमानित तथा प्रस्तावित व्यय अनुमान रकम रु | रकम रु अक्षरमा |
| १ | राजश्व बाँडफाँड संघ | ७५३०७०००.०० | ७ करोड ५३ लाख ७ हजार | चालु खर्च न.पा. | ६०७०००००.०० | ६ करोड ७ लाख |
| २ | राजश्व बाँडफाँड प्रदेश | ३८१४०००.०० | ३८ लाख १४ हजार | कार्यक्रम सञ्चालन चालु खर्च शाखागत | २९३२८०००.०० | २ करोड ९३ लाख २८ हजार |
| ३ | वित्तिय समानिकरण संघ | ९७१०००००.०० | ९ करोड ७१ लाख | पूँजीगत योजनाहरु | १७०५००००.०० | १ करोड ७० लाख ५० हजार |
| ४ | वित्तिय सामानिकरण प्रदेश | ६७०१०००.०० | ७६ लाख १ हजार | गत २०७७/०७८ आ.व.को भुक्तानी बाकी | २८५०००००.०० | २ करोड ८५ लाख |
| ५ | आन्तरिक स्रोत | ५४०००००.०० | ५४ लाख | वडा सञ्चालन खर्च | १८०००००.०० | १८ लाख |
| ६ | आ.व.का बाकी मौज्दात | १९५०००००.०० | १ करोड ९५ लाख | वडास्तरीय पूँजीगत योजनाहरु | २०००००००.०० | २ करोड |
| ७ | प्रशासनिक सुधार कन्टलजेन्सी सहित | १५१६००० | १५ लाख १६ हजार | समपुरक अनुदान तर्फ | २७८०००००.०० | २ करोड ७८ लाख |
| | | | | क्रमागत योजनाहरु | २२२०००००.०० | २ करोड २२ लाख |
| | | | | नगस्तरीय चालु योजना | १९६००००.०० | १९ लाख ६० हजार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | नगर सभाबाट बाडफाँड हुने आय तर्फ | २०९३३८०००.०० | २० करोड ९३ लाख ३८ हजार | | | |
| | सशर्त अनुदान तर्फ संघ सरकार र प्रदेश सरकारबाट अनुदान तर्फ | | | सशर्त अनुदान तर्फ संघ सरकार र प्रदेश सरकारबाट योजनागत व्यय तर्फ | | |
| ८ | सशर्त अनुदान संघ | २३३३०००००.०० | २३ करोड ३३ लाख | सशर्त अनुदान संघ | २३३३०००००.०० | २३ करोड ३३ लाख |
| ९ | विषेश अनुदान संघ | २५००००००.०० | २ करोड ५० लाख | विशेष अनुदान संघ | २५००००००.०० | २ करोड ५० लाख |
| १० | समपुरक अनुदान संघ | ४२०००००.०० | ४२ लाख | समपुरक अनुदान संघ | ४२०००००.०० | ४२ लाख |
| ११ | सशर्त अनुदान प्रदेश | ५००००००.०० | ५० लाख | सशर्त अनुदान प्रदेश | ५००००००.०० | ५० लाख |
| १२ | समपुरक अनुदान प्रदेश | ६२५००००.०० | ६२ लाख ५० हजार | समपुरक अनुदान प्रदेश | ६२५००००.०० | ६२ लाख ५० हजार |
| १३ | सामाजिक सुरक्षा भत्ता | १०००००००००.०० | १० करोड | सामाजिक सुरक्षा भत्ता | १०००००००००.०० | १० करोड |
| १४ | औद्योगिक ग्राम स्थापना | ९२०००००.०० | ९२ लाख | औद्योगिक ग्राम स्थापना | ९२०००००.०० | ९२ लाख |
| | **जम्मा** | ३८२९५००००.०० | ३८ करोड २९ लाख ५० हजार | **जम्मा** | ३८२९५००००.०० | ३८ करोड २९ लाख ५० हजार |
| | **कूल जम्मा** | ५९२२८८०००.०० | ५९ करोड २२ लाख ८८ हजार | **कूल जम्मा** | ५९२२८८०००.०० | ५९ करोड २२ लाख ८८ हजार |

**सभा अध्यक्ष महोदय,**

अन्त्यमा प्रस्तुत वजेट र कार्यक्रम सम्बन्धमा यहाँ पाल्नुभएका अतिथि ज्यूहरुबाट गहन मार्गनिर्दशन एवम रचनात्मक सुझावहरु प्राप्त हुने नै छन् र उक्त गहन मार्ग निर्देशन एवम् रचनात्मक सुझावहरुलाई मनन गरी समग्र नगरपालिकाको विकासलाई यथोचित ढंगले सम्बोधन हुने गरी बस्तुनिष्ट बजेट तथा कार्यक्रम पारित गर्नमा सहयोग प्राप्त हुने विश्वास लिइएका छु । नगरपालिकाको समग्र विकाश अभियानमा सदैव संवेदनशिल भै सहयोग गर्नुहुने सबै राजनितिकदल, सबै सरकारी कार्यालयहरु, सबै गैरसरकारी संघ संस्थाहरु, नागरिक समाज, बुद्धिजिवि, पत्रकार लागएतका विभिन्न सामाजिक संघ संस्थाहरु र आदरणीय नगरबासिहरुमा हार्दिक आभार ब्यक्त गर्दछु । यो कार्यक्रम र बजेट कार्यान्वयनका लागि यहाँहरुबाट सदा झैं निरन्तर सहयोग प्राप्त हुनेछ भन्ने अपेच्छा राख्दछु र प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा अहोरात्र खटिइ परिषदको जिम्मवारी पुरा गर्नुहुने सबै कर्मचारी साथीहरुमा समेत आभार एवम धन्यवाद ब्यक्त गर्दछु।

कुमारी राधा ओझा
उपमेयर
मेलौली नगरपालिका